हुलाक मञ्जुषा २१२५, ६० न्यूप्लाजा मार्ग, पुतलीसडक, काठमाडौं, नेपाल
फोन· ४२९७४१ ● फ्याक्स: ०१-४१९६१०

P. O. Box 2125, 60 New Plaza Marga, Putalisadak, Kathmandu, Nepal
Tel: 429741 ● Fax: 00977-1-419610 ● E-mail: wafed@ntc.net.np

जल तथा उर्जा
उपभोक्ता महासंघ-नेपाल

Water & Energy Users' Federation-Nepal

*पत्रकार सम्मेलन* *२०६० जेठ २८ (जून ११, २००३)*

# भारत अन्तर्राष्ट्रिय नदीहरु जोड्ने हतारमा, नेपाल सधै गम्भीर खतरामा

नेपालमा जम्मा पानी कति छ ? नेपालका लागि अहिले र भविष्यमा कति पानी आवश्यक पर्दछ ? नेपालको कति पानी भारततिर सित्तैमा बगेर खेर जान्छ ? यो सित्तैमा पानी बग्ने कुराको परिभाषा के हो ? के नेपाल आफ्नो भूभागभित्र रहेका सबै नदीनालाहरुको उपयोग र उपभोग जहिले चाह्यो तहिले गर्नसक्ने स्थितिमा छ ? के नेपाललाई यस्तो अधिकार छ ? अनि के भन्छ हाम्रो छिमेकी भारत ?

यस्ता प्रश्नहरु आज हिजोभन्दा बढी सान्दर्भिक र महत्वपूर्ण भएका छन् । कोशी र गण्डकदेखि लिएर कर्णाली हुँदै महाकाली नदीसम्म भारतले जहिले पनि अग्राधिकार अर्थात् पानीको अग्रिम उपयोग जसले गर्‍यो त्यो पानी सँधैका लागि उसैको हुन्छ भन्ने एकलौटी मान्यता अघि बढाएर नेपाललाई सँधै हैरानी गर्दैआएको छ । महाकाली सन्धिअन्तर्गतको पञ्चेश्वर बाँधसम्बन्धी विस्तृत आयोजना प्रतिवेदन आजसम्म पनि बन्ननसक्नुको मुख्य कारण पनि भारतले शारदा बाँधमा यही अग्राधिकारको कचिँगल गरेर नै हो । तर भारतको यो व्यवहार बंगलादेशका हकमा ठीक विपरित छ । बंगलादेशले भारत भएर बग्ने अन्तर्राष्टिय नदीको उपयोगका हकमा यही सिद्धान्त र मान्यता अघि बढाएमा भारत त्यसको विरोध गर्दछ ।

अहिले करिबकरिब नेपालबाट भारततिर बग्ने कुनै पनि नदीमा नेपालले स्वतन्त्र रुपमा कुनै आयोजना प्रस्ताव गर्नेबित्तिकै भारतको टाउको दुःख्ने गरेको छ । फलस्वरुप हाम्रा कतिपय योजनाहरु अघि नै बढेका छैनन् वा बीचैमा बन्द भएका छन् । कन्काई र बबई सिंचाई आयोजनालाई यसको उदाहरणका रुपमा लिनसकिन्छ ।

अब आएर त यो समस्या झनै जटिल हुने निश्चित देखिएको छ । भारतले अहिले अघि सारेको करिब ५६ अर्ब भा.रु. बराबरको १० वर्षे नदी जडान योजना (River Linking Project) का कारण अहिले स्वयं भारतभित्र पनि हलचल मच्चिएको छ । अहिले भारत सरकारका पूर्व जलस्रोत सचिवदेखि लिएर मेधा पाटकरजस्ता अभियानकारीहरु हुँदै विभिन्न वैज्ञानिक, इञ्जिनियर र विहारलगायतका विभिन्न राज्यहरु यसको विरोधमा उत्रिसकेका छन् ।

तर नेपाल र बंगलादेशका हकमा भने यस विनाशकारी योजनाका बारेमा धेरैलाई अझै पनि जानकारी छैन । जानकारी हुनेहरु पनि शायदः जानकारीमात्र बटुलेर बसिरहेका छन् । नेपाल र बंगलादेशलाई पनि गम्भीर रुपमा प्रत्यक्ष असर पर्ने यस योजनाका बारेमा अहिलेसम्म भारतले औपचारिक रुपमा कुनै पनि सूचना, परामर्श र सहमतिको कार्य गरेको छैन । संभवत ऊ यसो गर्न पनि चाहँदैन । यो हामी सबैका लागि झनै गम्भीर कुरा हो ।

नेपालका हकमा यस नदी जडान योजनाको मुख्य सम्बन्ध भनेको कोशी नदीलाई भारतको मेचु र घाग्रामा, गण्डकलाई पनि घाग्रामा र शारदा (अर्थात् महाकाली) लाई यमुना नदीमा जोड्ने योजना र यसबाट पर्ने असर हो । विगत केही वर्ष यता भारतले नेपालको सीमा नजिकै भारतीय भूमिमा एकलौटी वा जबर्जस्ती निर्माण गरिरहेका रौतहट, खुर्दलोटन रसियावाल, महलीसागर र लक्ष्मणपुर बाँधहरुलाई पनि यसै योजनाअन्तर्गतको नियमित संृखलाका रुपमा लिनुपर्ने हुन्छ ।